# मरिण राजपत्र

**मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड ५ मरिण, असोज २६ गते, २०७९ साल संख्या १०**


## भाग २

## मरिण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालयको
## सूचना

### मरिण गाउँपालिकाको युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७६(दोस्रो संशोधन २०७९)

मरिण गाउँपालिकाको युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा(१) ले दिएको अधिकार प्रयोग गरी मरिण गाउँ कार्यपालिकाले देहायका कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** :- (१) यो कार्यविधिको नाम "मरिण गाउँपालिकाको युवा तथा खेलकुद विकास समिति गठन तथा परिचालन कार्यविधि, २०७६(दोस्रो संशोधन २०७९)" रहेको छ ।

(२) यो कार्यविधि मरिण गाउँपालिका क्षेत्रभर लागु हुनेछ ।

(३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**परिच्छेद ३ नियम ११**

पारिश्रमिक, सुविधा तथा बैठक भत्ताः (१) समितिका पदाधिकारी तथा सदस्यले कार्यपालिकाले तोके बमोजिमको दरमा बैठक भत्ता पाउनेछन्। मरिण गाउँपालिकाको युवा तथा खेलकुद विकास समितिको कार्यालय अर्को व्यवस्था नभएसम्मको लागि गाउँपालिकामा नै रहनेछ। खेलकुद सम्बन्धी कामको दैनिक सम्पर्क, समन्वय र सहकार्यको लागि समितिका संयोजकलाई कार्यकक्षको प्रबन्ध गरी अन्य शाखा/फाँट सरह कार्य सञ्चालन गर्ने जिम्मेवारी दिइनेछ। विशेष जिम्मेवारी वहन गरे वापत संयोजकलाई कार्यपालिकाले तोके बमोजिम मासिक रुपमा थप सेवा सुविधा उपलब्ध गराइनेछ।[1]

आज्ञाले
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

[1] दोस्रो संशोधनबाट थप गरिएको ।